# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ५) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल पुष १ गते २०७९ (संख्या २**

## भाग २

## वैतेश्वर गाउँपालिकाको कार्यसंचालन निर्देशिका (पहिलो संशोधन) २०७९ सम्बन्धी सूचना ।

वैतेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९।०८।२९ गतेको बैठकको निर्णयानुसार वैतेश्वर गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७७ मा देहाय बमोजिम पहिलो संशोधन गरि यो सूचना प्रकाशन गरिएको छ ।

१. परिच्छेद ५ को दफा ८ को उपदफा ७ को सट्टा देहायको उपदफा राखिएको छः-

(७)सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारी/पदाधिकारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत विल बमोजिम बढीमा कार/जिपको वार्षिक **पाँच लाख** र मोटरसाईकल वा स्कूटरको लागि वार्षिक **बिस हजार** नबढ्ने गरी मर्मत खर्च उपलव्ध गराईने छ । यस भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार बापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

२. परिच्छेद ६ को दफा १२ को उपदफा ४ को सट्टा देहायको उपदफा राखिएको छः-

(४) गाउँ कार्यपालिकाको कार्यालयको शाखाहरुमा टेलिफोनको व्यवस्था नभए आवश्यकताको आधारमा शाखा प्रमुखहरुलाई कार्यालयको प्रयोजनको लागि मासिक १००० संचार खर्च उपलब्ध गराउन सक्नेछ ।

आज्ञाले

ऋषिराम ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत